# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः१४ मितिः २०८०।०२।२६

## भाग-२

## इनरुवा नगरपालिका

### इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०२।२५

प्रमाणीकरण मितिः २०८०।०२।२६ गते

# इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को धारा ३०(१) मा प्रत्येक नागरीकलाई स्वच्छ र सफा वातावरणमा बाँच्न पाउने हक हुनेछ भनिएको छ भने उपदफा २ मा वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षति वापत पिडितलाई प्रदुषकबाट कानून बमोजिम क्षति उपलब्ध गराउने व्यवस्था गरीएको छ । त्यसरी नै संविधानको धारा ३५(४) मा प्रत्येक नागरीकलाई स्वच्छ खानेपानी तथा सरसफाइको हक हुने कुरा उल्लेख गरीएको छ ।

त्यसरी नै नेपाल सरकार, कानून, न्याय तथा संसदीय मन्त्रालय द्वारा तयार गरीएको फोहोरमैला व्यवस्थापन ऐन, २०६८ (संशोधन २०७४) को परिच्छेद २(३) ले फोहोरमैला प्रवन्ध गर्ने जिम्मा सम्वन्धीत स्थानीय तहको हुनेछ "***फोहोरमैलाको व्यवस्थापन गर्न ट्रान्सफर स्टेशन, ल्याण्डफिल साइट, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, बायोग्यास प्लान्ट तथा फोहोरमैला सङ्कलन, अन्तिम विसर्जन तथा प्रसोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण र सञ्चालन गर्ने जिम्मा स्थानीय तहको हुनेछ***" भनेर उल्लेख गरेको छ ।

तसर्थ नेपालको संविधानले नै नागरीकको स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने अधिकार प्रत्याभुत गरेको भएता पनि नगरपालिका क्षेत्रमा भएको बढ्दो शहरीकरणका कारण इनरुवा नगरपालिकाको वजार क्षेत्रको फोहोरमैलाको उत्पादनमा तीब्र गतिमा बढोत्तरी हुँदै गएको, वडावासीहरूको फोहोर व्यवस्थापन तथा सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गर्न आवश्यक रहेको, फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्र र टोल विकास संस्था तथा नागरीक समाजको संलग्नता स्थापित गर्नु जरुरी रहेको, समुदायको चासो र संलग्नता अभिबृद्धि गर्दै फोहोर घरमा नै व्यवस्थापन गर्ने, संकलन देखि व्यवस्थापनसम्मका सबै कार्यहरू सम्बन्धी पर्याप्त जानकारी दिनु जरुरी रहेको, फोहोरको बर्गीकरण उपयुक्त र प्रभावकारी तवरले गर्नु अपरिहार्य रहेको, अस्पतालजन्य फोहोर र प्लास्टिकजन्य फोहोरहरूको व्यवस्थापनमा सरलता ल्याउनु जरुरी रहेको, फोहोर व्यवस्थापनमा साझेदार संस्था परिचालित गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न जरुरी रहेको वर्तमान परिवेशमा यस सम्बन्धी पर्याप्त नीतिगत तयारी र स्पष्ट कार्य योजनाको आवश्यकता देखिएकाले नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ उपदफा २ (ग) ११ वमोजिम वडा समितिलाई दिएको अधिकारलाई कार्यान्वयनमा सहजता ल्याउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले र फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१ (२) दिएको अधिकार प्रयोग गरी यस इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८० तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद — १

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस कार्यविधिको नाम **इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०** रहनेछ ।

(२) यो कार्यविधि इनरुवा नगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **संविधान** भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) **स्थानीय तह** भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमको नगरपालिका सम्झनुपर्छ ।

(ग) **कार्यपालिका** भन्नाले इनरुवा नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) **प्रमुख** भन्नाले इनरुवा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) **उपप्रमुख** भन्नाले इनरुवा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(च) **वडा अध्यक्ष** भन्नाले इनरुवा नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ । **कार्यपालिका सदस्य** भन्नाले इनरुवा नगरपालिकाको नगर कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) **विषयगत शाखा** भन्नाले इनरुवा नगरपालिकाको कार्यालय अन्तरगतको विषयगत शाखालाई सम्झनु पर्छ ।

(झ) **समिति** भन्नाले इनरुवा नगरकार्यपालिकाको कार्य सम्पादन नियमावलीद्वरा गठित समितिहरूलाई सम्झनु पर्छ ।

(ञ) **कार्यविधि** भन्नाले इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि २०८० बुझ्नुपर्छ।

(ट) **नगरपालिका** भन्नाले इनरुवा नगरपालिका बुझ्नुपर्छ ।

(ठ) **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बुझ्नुपर्छ ।

(ड) **कोष** भन्नाले इनरुवा नगरपालिकाद्वारा स्थापित फोहोरमैला व्यवस्थापन कोष सम्झनु पर्छ ।

(ढ) **साझेदार संस्था** भन्नाले इनरुवा नगरपालिकासँग सम्झौता गरी फोहोरमैला व्यवस्थापनको जिम्मेवारी लिई कार्य गर्ने संस्था सम्झनु पर्छ ।

(ण) **फोहोरमैला** भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरीएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरू लगायतका पदार्थ वा त्यस्तै

प्रकारका अन्य वस्तुहरू वा अनाधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(त) **हानिकारक फोहोरमैला** भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रूपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(थ) **रासायनिक फोहोरमैला** भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरू वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहोरमैला भनी तोकको ठोस, तरल, धुलो, लेदो, ग्याँस लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(द) **स्वास्थ्य संस्थाजन्य फोहोरमैला** भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहोरमैला सम्झनुपर्छ ।

(ध) **वडा** भन्नाले इनरुवा नगरपालिकाका वडाहरू सम्झनुपर्छ ।

(न) **सार्वजनिक निजी साझेदारी** भन्नाले सार्वजनिक क्षेत्र (नगरपालिका) र निजी क्षेत्रका वीचमा कुनै काम गर्ने सम्बन्धमा कानून बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्दछ ।

(त) **निजी क्षेत्र** भन्नाले नाफा कमाउने वा नकमाउने गरी स्थापना भएको कम्पनी वा टोलविकास संस्था वा क्लब वा सामाजिक संघ संस्था लगायत राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था समेतलाई सम्झनु पर्दछ।

(थ) **कन्टेनर** भन्नाले फोहोरमैला संकलन गर्ने प्रयोजको लागि निश्चित स्थानमा राखिएको फोहोरमैला थुपार्ने भाँडो, बाकस, बाल्टिन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्दछ ।

(द) **डस्टविन** भन्नाले सर्वसाधारण व्यक्ति वा संघसंस्थामा राखिएका कुहिने र नकुहिने फोहोर जम्मा गर्न राखिएका भाँडो भन्ने सम्झनु पर्दछ ।

(ध) **घटाउने** भन्नाले घर वा संस्था वा कुनै पनि स्थलमा उत्पादित फोहोरलाई वैकल्पिक प्रयोगको माध्यमबाट मात्रा कम गर्ने सम्झनु पर्दछ ।

(न) **पुनः प्रयोग** भन्नाले उत्पादित फोहोरलाई सोहि रूपमा वा अर्को कुनै रूपमा सम्भव भए सम्म प्रयोग गर्नु भन्ने सम्झनु पर्दछ ।

(प) **पुन चक्रीय प्रयोग** भन्नाले प्रविधिको प्रयोगद्धारा संकलित फोहोरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रूपमा विकास गरेर पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्दछ ।

(फ) **सङ्कलन केन्द्र** भन्नाले श्रोतबाट उत्पादित फोहोरलाई निश्चित समयका लागि राख्न प्रयोग गरीने नगरपालिकाको कुनै स्थानलाई सम्झनु पर्दछ ।

(ब) **विसर्जन केन्द्र(ल्याण्डफिल साइट)** भन्नाले फोहोरमैला व्यवस्थापन गर्न प्रयोग गरीएको अन्तिम स्थललाई सम्झनु पर्दछ ।

(भ) **सक्सन टयाङ्कर** भन्नाले शौचालयको लेदो व्यवस्थापन गर्ने निजी क्षेत्र वा नगरपालिका/वडा कार्यालयले व्यवस्था गरेको टयाङ्कर सम्झनु पर्दछ ।

## परिच्छेद — २
## कार्यविधिका उद्देश्यहरू र यसका प्रयोगकर्ताहरू

**३. यस कार्यविधिको प्रमुख उद्देश्य देहाय बमोजिम रहेको छ :**

(क) फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०७० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाइ फोहोरमैला व्यवस्थापनको जिम्मेवारी दिएकोमा सो जिम्मेवारी पूरागर्न प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुऱ्याउनु,

(ख) फोहोरमैला व्यवस्थापनको लागि स्थानीय स्तरमा समन्वय र समझदारी कायम गर्दै सहभागितात्मक योजना तर्जूमा गर्न सहयोग पुऱ्याउनु ।

(ग) इनरुवा नगरपालिका क्षेत्रमा रहेका विभिन्न संघ संस्था, छिमेकी स्थानीय तह र अन्य सामाजिक संघ संस्थाहरूसँग समन्वय गरी फोहोरमैला व्यवस्थापनका लागि सचेतना अभिबृद्धि गर्न मद्दत गर्नु ।

(घ) फोहोरमैला व्यवस्थापन तथा सरसफाइका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्नु ।

(ङ) फोहोरमैला व्यवस्थापन कार्यलाइ चुस्तदुरुस्त बनाई वातावरणीय सरसफाइ कार्यमा गुणस्तरीय सेवा दिन साझेदार संस्था छनौट गरी कार्यान्वयन गर्न सघाउ पुऱ्याउनु ।

(च) फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग समन्वय कायम गर्न मद्दत गर्नु ।

(छ) फोहोरमैला व्यवस्थापन कार्यमा प्रदुषणकर्ताले तिर्नु पर्दछ अर्थात "Polluters should Pay" भन्ने विश्वव्यापी सिद्धान्त अनुसार सार्वजनिक-निजी साझेदारीता मोडल अर्थात Public-Private Partnership(3P) Model अनुसार सेवाग्राहिबाट पनि शुल्क सङ्कलन गर्न सहज बनाउनु ।

(ज) फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरीक समाज, समुदाय, गैरसरकारी संघ संस्थासँग सहकार्य र साझेदारिता प्रवर्द्धन गर्नु ।

(झ) फोहोरमैला व्यवस्थापन कार्यको सहभागितामुलक अनुगमन तथा मूल्याङ्कनको लागि आधार तय गर्नु ।

**४. कार्यविधिका प्रयोगकर्ताहरू**

यस कार्यविधिको प्रयोग देहाय बमोजिमका व्यक्ति वा निकायले गर्न सक्ने छन ।

(क) इनरुवा नगरपालिका, वडा समिति, नगरपालिका क्षेत्र भित्रका नागरीक समाज, उपभोक्ता समिति, ठेकेदार, कर्मचारीहरू ।

(ख) नगरपालिका क्षेत्र भित्रका टोल विकास संस्था, सामुदायिक संस्था तथा यस कार्यमा प्रयोग हुने व्यक्ति तथा समुदायहरू ।

(ग) नगरपालिका क्षेत्र भित्र काम गर्ने राजनैतिक संयन्त्र, अनुसन्धानकर्ता, सामाजिक कार्यकर्ता, विकास साझेदार तथा अन्य सरोकारवाला निकायले पनि यसको प्रयोग गर्न सक्नेछन् ।

(घ) साझेदार संस्थाको रूपमा जिम्मा लिई फोहोरमैला व्यवस्थापनको जिम्मा लिने कुनै पनि निजी वा अन्य संघसंस्थाहरूले यसको प्रयोग गर्ने छन् ।

**५. कार्यविधिको कार्य क्षेत्र र सीमा**

यस कार्यविधिमा फोहोरमैला व्यवस्थापन तथा सरसफाइका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थापकीय पक्षलाई समेट्न खोजिएको छ । इनरुवा नगरपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि मात्र यो कार्यविधि बनाएको हुँदा यसको कार्य क्षेत्र र सीमा इनरुवा नगरपालिका क्षेत्रमा मात्र रहनेछ। यसको साथै फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली, २०७० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान समेत यसमा आकर्षित हुने हुँदा यो कार्यविधिलाई नगरपालिका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकायले समेत मार्गदर्शनको रूपमा लिन सक्नेछन्। इनरुवा नगरपालिकाले साझेदार संस्था छनौट गरी फोहोरमैला व्यवस्थापन कार्यको जिम्मा दिएको अवस्थामा उक्त जिम्मा लिने साझेदार संस्थाले यो कार्यविधि अक्षरस पालना गर्नु पर्ने छ ।

## परिच्छेद ३

## फोहोरमैला निर्देशक तथा व्यवस्थापन समितिको व्यवस्था

**६. फोहोरमैला व्यवस्थापन सम्वन्धी निर्देशक र व्यवस्थापन समितिको गठन देहायबमोजिम हुने छः**

१) नगरको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न आवश्यक निर्देशन एवं सहजीकरण गर्न नगरपालिकामा देहायनुसारको <u>**निर्देशक समिति**</u> गठन गरीनेछ ।

| | | |
|---|---|---|
| (क) | नगरपालिकाको नगर प्रमुख | —अध्यक्ष |
| ख) | नगरपालिकाको उप प्रमुख | — सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत | —सदस्य |
| घ) | वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | —सदस्य |
| ङ) | वडा अध्यक्ष (सम्वन्धीत वडाको वडा अध्यक्ष) | —सदस्य |
| च) | वातावरण क्षेत्रका अनुभवी प्रवुद्ध व्यक्ति वा सरसफाई अभियन्ता मध्ये नगर प्रमुखले तोकेको व्यक्ति १ जना | —सदस्य |
| छ) | उद्योग वाणिज्य संघको अध्यक्षले तोकेको प्रतिनिधि वा विषयगत संयोजक | —सदस्य |
| ज) | नगर क्षेत्रको ट्राफिक कार्यालयको प्रमुख | —सदस्य |
| झ) | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | —सदस्य |
| ञ) | जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि | —सदस्य |
| ट) | फोहोरमैला व्यवस्थापन हेर्ने विषयत शाखा अधिकृत | —सदस्य सचिव |

२) वडाको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न आवश्यक व्यवस्थापन एवं नियमन गर्न वडास्तरमा देहाय अनुसारको फोहोर मैला <u>**व्यवस्थापन समिति**</u> गठन तथा परिचालन गरीनेछ ।

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य | —संयोजक |
| (ख) | वडा समितिले तोकेको १ जना वडा सदस्य | —सदस्य |
| (ग) | टोल विकास सस्थाको अध्यक्ष मध्येबाट एक जना महिला र एक जना पुरुष गरी जम्मा २ जना | —सदस्य |
| (घ) | वडा समितिले तोकेको समाजसेवी वुद्धिजीवि वा सरसफाई अभियन्ता मध्येवाट १ जना | —सदस्य |
| (ङ) | वडा समितिले तोकेको स्थानीय व्यापारी प्रतिनिधि १ जना | —सदस्य |
| (च) | वडाको सरसफाई कार्यमा संलग्न निजी क्षेत्रको प्रतिनिधि १ जना | —सदस्य |
| (छ) | नगरपालिकाको सरसफाई उपशाखा प्रमुख | —सदस्य |
| (ज) | वडा सचिव | —सदस्य सचिव |

३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार वस्ने छ । बैठक समितिको अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ ।

४) फोहोर मैला व्यवस्थापन समितिको वैठक महिनाको एक पटक बस्नेछ । फोहोरमैला व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ। बैठकको निर्णय संयोजकले प्रमाणित गरी वडा समितिमा राख्नुपर्नेछ र नगरपालिकामा वा निर्देशक समिति समक्ष पेश गर्नुपर्ने निर्णय भएमा वडा अध्यक्ष मार्फत नगरपालिकामा पठाउनु पर्नेछ ।

५) माथि (२) वमोजिम गठीत समितिको संयोजक पुरुष भएमा वडा समितिले तोक्ने सदस्य महिला हुनु पर्ने वा महिला संयोजक भएमा वडा समितिले तोक्ने सदस्य पुरुष हुनु पर्नेछ ।

**७. फोहोरमैला व्यवस्थापन सम्वन्धी निर्देशक र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :—**

***१) फोहोरमैला व्यवस्थापन सम्वन्धी निर्देशक समितिको काम कर्तव्य र अधिकार***

(क) फोहोरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरू तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने ।

(ख) वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

(ग) फोहोर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने ।

(घ) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरूलाई पार्क, उद्यान, गार्डेन आदिका रूपमा विकास गर्ने तथा वैकल्पिक ल्याण्डफिल साइटहरूको खोजी गरी तिनीहरूको सम्भावनाको अध्ययन गर्ने ।

(ङ) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरू, निजी क्षेत्र र समुदायहरूको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने र आवश्यक परेको खण्डमा वडामा समुदायलाई असर नपर्ने गरी सङ्कलन केन्द्रको व्यवस्थापन गरी फोहोर व्यवस्थापनमा सघाउ पुऱ्याउने ।

(च) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम संचालन गर्न

श्रोतको व्यवस्थापन गर्ने ।

(छ) ल्याण्डफिल साइटलाई प्रदुषण शून्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ज) जैविक फोहोरबाट उर्जा, कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

(झ) फोहोरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आबश्यक कारवाहीका लागि निर्देशन गर्ने ।

(ञ) फोहोरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न कार्यपालिका समक्ष प्रस्ताव पेश गर्ने ।

(ट) फोहोरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने ।

(ठ) फोहोरमैला व्यवस्थापन कार्यका लागि साझेदार संस्था छनौट गरी कार्य सञ्चालन अनुमति दिइएको खण्डमा साझेदार संस्थाले गरेका काम कार्वाहीहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने र आवश्यक सहयोग गर्ने ।

*२) फोहोरमैला व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार*

(क) फोहोरमैला व्यवस्थापन तथा वडालाई सफा र स्वच्छ वडा निर्माणका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने ।

(ख) वडालाई वातावरण मैत्री तथा सफा र स्वच्छ वडा वनाउन आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ग) फोहोरलाई श्रोतमै वर्गीकरण गर्ने व्यवस्था मिलाउन आबश्यक पहल गर्ने ।

(घ) बर्गीकृत फोहोर मध्ये अर्गानिक फोहोरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहोरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहोरलाई 3R अर्थात Reduce, Reuse, and Recycle को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

(ङ) फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने ।

(च) फोहोरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न निर्देशक समिति समक्ष सिफारिश गर्ने ।

(छ) फोहोरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन टोल विकास संस्थाहरूसँग सहकार्य गर्दै विशेष कार्यदल गठन गरी परिचालन गर्ने ।

(ज) फोहोर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

(झ) फोहोरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरणका लागि उपायहरूको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

(ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त फोहोरमैला तथा वातावरणसँग सम्बन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ट) फोहोरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने जनशक्तिको व्यवस्थापन गर्न वडा तहसँग समन्वय गर्ने ।

(ठ) फोहोरमैला व्यवस्थापन कार्यका लागि साझेदार संस्था छनौट गरी कार्य सञ्चालन अनुमति दिइएको खण्डमा साझेदार संस्थाले गरेका काम कार्वाहीहरूको नियमित अनुगमन तथा निरिक्षण गर्ने र आवश्यक सहयोग गर्ने ।

(ड) 3R अर्थात Reduce (घटाउने कार्य), Reuse (पुनः प्रयोग गर्ने कार्य), र Recycle (पुनः चक्रिय प्रयोगमा ल्याउने कार्य) का लागि वडावासीहरूलाई अभिमुखिकरण गर्ने कार्यमा समितिले सघाउने ।

## परिच्छेद — ४
## फोहोरमैला व्यवस्थापन विधि र प्रक्रिया

**८. फोहोरमैला कम उत्पादन गर्ने :** (१) कनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पन्न हुने फोहोरमैला यथासक्य कम गर्नु पर्नेछ । यस नगरपालिकामा स्थायी वा अस्थायी रूपले बसोवास गर्ने नगरवासी, उद्योग व्यापार गर्ने, अध्ययन, औषधोपचार, पर्यटन तथा व्यवसायीक रूपले आवत जावत गर्ने र नगरपालिका स्वयम्ले फोहोरमैला उत्पादन नै कम गर्नु पर्ने छ ।

(२) आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ । उद्योग, व्यापार व्यवसाय, पसल, भवन आदिबाट निस्कने फोहोरलाई सार्वजनिक स्थल, सडक, सडक किनारा, पेटी, सडक नाला, खाली स्थान, कुनाकाप्चा आदि स्थलमा फाल्न, राख्न वा थुपार्न पाइने छैन। आ—आफ्नो घर, पसलका कुहिने प्रकृतिको फोहोरलाई एउटा डष्टवीन (टोकरी) मा र नकुहिने प्रकृतिको फोहोरलाई अर्को डष्टवीन (टोकरी) मा राखी नगरपालिकाको सरसफाई कर्मचारी वा साधन आए पछि जिम्मा लगाउनु पर्नेछ ।

(३) सरसफाइकर्मीहरूले टोल, सडक सफा गरी गइसकेपछि कुनै पनि किसिमको फोहोर घर, पसल वाहिर वा सार्वजनिक स्थलमा राख्न वा फ्याक्न वा थुपार्न पाइने छैन ।

(४) सडक वा अन्य सार्वजनिक स्थानमा दिशा पिसाव गर्न गराउन पाइने छैन ।

**९. फोहोरमैलाको पृथकीकरण :** (१) फोहोर मैला व्यवस्थापन समितिले फोहोरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी व्यवस्थापन मिलाउन सहजीकरण गर्ने छ । सो कार्यका लागि साझेदार संस्थालाई जिम्मेवारी दिई व्यवस्थापन समितिले अनुगमन तथा मूल्याङ्कन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम समितिले तोकिदिए अनुसार फोहोरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्र वा ढुवानीसाधन सम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिका तथा वडा समितिसँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

**१०. फोहोरमैलाको निष्काशनः** (१) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका फोहोरमैला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ । यदि साझेदार संस्थाको जिम्मेवारीमा कार्य गर्ने/गराउने भएमा सो साझेदार संस्थाले यसै कार्यविधिको अधिनमा रही सो कुराको निर्धारण गर्ने छ भने सो कार्यमा व्यवस्थापन समितिले सहजीकरण गर्ने छ ।

(२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैलाको व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा नगरपालिकाले निर्देशिका बनाई जारी गर्ने छ र त्यस प्रकारको फोहोर उत्पादककर्ताहरूले निर्देशिकाको पालना गर्नु पर्ने छ ।

(३) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहोरमैलामा मिसाउन पाइने छैन ।

४) संरचना एवं घर निर्माण तथा मर्मत सम्भार गर्दा निष्कने फोहोरको व्यवस्थापन गर्ने दायित्व सम्वन्धीत उत्सर्जनकर्ताको हुनेछ तर उत्सर्जनकर्ताले वडाको फोहोर संकलन गर्ने निजी क्षेत्र (साझेदार संस्था) वा वडालाई कार्यालयले तोके वमोजिमको शुल्क वुझाई सेवा लिन सक्नेछ ।

५) सडक एवं फुटपाथमा निर्माण सामाग्री राख्दा कार्यालयले तोके बमोजिमको शुल्क अग्रिम बुझाई तोकिए वमाजिमको समयसम्म वडा समितिको कार्यालयको अनुमति लिई राख्न सक्नेछ ।

६) वडा भित्र जथाभावी वर्कशप खोल्ने कार्यलाई निरुत्साहित गर्दै फोहोरमैला व्यवस्थापन समितिसँग अनुमति लिएर मात्र उचित ढंगबाट फोहोर व्यवस्थापनको सूनिश्चितता गर्दै वर्कशप संचालन गर्ने व्यवस्था मिलाईनेछ, वडाले तोकेको स्थानमा वर्कशप संचालन गर्दा वर्कशपको फोहोर, कालो पानी एवं अन्य फोहोरलाई नालामा नपठाई छुट्टै भण्डारण गरेर व्यवस्थापन गर्ने र सो अनुसार विर्सजन गर्नु पर्नेछ ।

७) नयाँ बन्ने घरको भान्सा र वाथरुमको पानी संभव भए सम्म घर कम्पाउड भित्र भण्डारण गरी व्यवस्थापन गर्न घरधनिलाई प्रेरित गर्ने घर कम्पाउण्ड भित्र व्यवस्थापन गर्न सम्भव नभएको भनी टोल विकास संस्थाले सिफारिस गरेमा पानी छानेर मात्र सतह, ढल एवं नालीमा पठाउने व्यवस्थापन मिलाउनु पर्नेछ ।

८) अस्पताल, नर्सिङ्गहोम, निजी क्लिनिक वा डिष्पेन्सरीबाट निस्कने संक्रामक र खतराजन्य फोहोर सडक, वा अन्य सार्वजनिक ठाउँमा फाल्न, वा निष्कासन गर्न पाइने छैन । त्यस्ता फोहोरको सुरक्षित तवरले अन्तिम निष्कासन गर्ने ब्यवस्था सम्वन्धीत निकायहरूले आफुले नै गर्नु पर्नेछ । स्वास्थ्य केन्द्रका संक्रामक फोहोरहरू कुनै पनि हालतमा अन्य फोहोरहरू मिसाएर निष्कासन गर्न पाइने छैन ।

९) औद्योगिक प्रतिष्ठान वा उद्योगबाट निस्केका फोहोरमैला जथाभावी फाल्न, राख्न वा निष्कासन गर्न पाइने छैन । उद्योग खोल्दाको वखतको शर्त एवम् फोहोरमैला व्यवस्थापन सम्वन्धी ऐन, नियम वा कार्यविधि मा ब्यवस्था भए बमोजिम त्यस्ता फोहोरमैलालाई अन्तिम निष्कासन गर्ने ब्यवस्था सम्वन्धीत प्रतिष्ठान वा उद्योगले गर्नु पर्नेछ । व्यवस्थापन समिति वा साझेदार संस्थाले त्यस प्रकारका उद्योग, पसल, घर, सार्वजनिक प्रतिष्ठान, सरकारी र गैरसरकारी प्रतिष्ठान, विद्यालयहरूलाई अनिवार्य रूपमा डष्टवीन (टोकरी) कन्टेनर वा कम्पोष्टवीन राख्न नगरपालिकाले अनिवार्य गर्न सक्नेछ ।

## परिच्छेद — ५
## स्थानान्तरण केन्द्र तथा फोहोरमैला विसर्जन स्थल सम्वन्धी व्यवस्था

**११. स्थानान्तरण केन्द्र तोक्नेः** (१) नगरपालिकाले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहोरमैलालाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रूपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोक्नु पर्नेछ र यसरी तोकिएको स्थललाई दुर्गन्ध नआउने गरी आवश्यक व्यवस्था समेत गर्नु पर्नेछ ।

**१२. फोहोरमैला विसर्जन स्थल(ल्याण्डफिल साइट)ः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रूपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहोरमैला विसर्जन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तोक्न सक्नेछ ।

(२) यस दफा बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्दा वातावरण संरक्षणको मापदण्डमा रही निजीक्षेत्रको निजी जग्गामा समेत फोहोरमैला विसर्जन स्थलको रूपमा विकास तथा सञ्चालन गर्न सकिनेछ।यस कार्यमा सार्वजनिक निजी साझेदारितामा फोहोरमैला व्यवस्थापन गर्ने गरी साझेदार संस्थासँग सम्झौता भएको अवस्थामा पनि यस दफा अनुसार व्यवस्थापन गरीने फोहोरमैला विसर्जन स्थलको व्यवस्थापनको जिम्मेवारी नगरपालिकाले गर्नु पर्दछ । निर्माण तथा संरक्षणको जिम्मेवारी साझेदार संस्थाले गर्नु पर्दछ ।

**१३. पशु पन्छि र घरपालुवा चौपाया पालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्थाः**

१) व्यवसायिकरूपमा गाई भैसी, खसी बाख्रा र ब्रोइलर कुखुरा पालनका लागि फर्म संचालन गर्दा अनिवार्य रूपमा वडा समितिको अनुमति लिनु पर्नेछ । यस्ता प्रकारका व्यवसाय संचालन गर्नु पूर्व छर-छिमेकको सहमति समेत अनिवार्य हुनु पर्ने छ । अनुमति लिएर पशुपालन फर्म स्थापना गरीएको भए पनि फोहोरमैला व्यवस्थापन कार्यविधिको अधिनमा रही नगरपालिकाले तोकेका मापदण्ड पालना गर्नु पर्ने छ । कुनै पनि व्यक्ति वा फर्मले पशुपन्छिलाई सार्वजनिक बाटोमा वेवारिसे वा असावधानी वा लापरवाहिले छोड्न वा बाँध्न पाइने छैन ।

२) मानव वस्तिको करिव ५०० मिटर नजिक बँगुर/सँगुर फर्म स्थापना गर्न पाइने छैन । वडा समितिको निर्णय बमोजिम तोकिएको क्षेत्रमा सार्वजनिक सूचना प्रकाशन गरी बंगुर पालन निषेध गर्न सकिनेछ ।

३) वडा भित्र फेला परेका लावारीस मृत पशु पन्छीलाई वडाको फोहोर ढुवानी साधनले ल्याण्डफिल साइटमा लगी उचित ढंगवाट विर्सजनको व्यवस्था मिलाउनु पर्नेछ । पशु धनी पहिचान भएमा मृत पशुलाई सम्बन्धीत धनीले घर परिसरमा नै खाल्डो खनी व्यवस्थापन गर्न वडा कार्यालयले लगाउने छ तर स्वयंले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा वडा समितिलाई तोके वमोजिमको सेवा शुल्क वुझाई व्यवस्थापन गर्नु पर्नेछ । साना पशु पन्छिलाई वडा समितिको अनुमतिमा वार्ड भित्रका खालि ठाँउमा खाल्डो खनी व्यवस्थापन गर्न सकिनेछ ।

४) वडा भित्र मासु व्यवसाय सञ्चालन गर्ने व्यवसायीले निर्धारित बधशालामा नै चौपायाको बध गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ । त्यसरी बाधशाला वा मासु पसल सञ्चालन गर्ने व्यवसायीले कार्यालयले तोके बमोजिमको शुल्क तिरी व्यवस्थापनका लागि वडा कार्यालय वा साझेदार संस्थाबाट सेवा लिन सक्ने छ । यसरी सेवा लिँदा पनि यस कार्यविधि अनुसार गठन गरीएको व्यवस्थापन समितिले दिएका निर्देशनहरू अनिवार्य पालना गर्नु पर्ने छ ।

**१४. शौचालयको दिसा एवम लेदो व्यवस्थापन :** १) शौचालय निर्माणकर्ताले जमिनको पानी प्रयोग नगर्ने स्थलमा स्टोर टयांकी बनाउन सक्नेछ तर जमिनको पानीको लेवल माथि भएको अथवा

जमिनको पानीको प्रयोग हुने क्षेत्रका शौचालयको सेफ्टीक टयांकी होल्डीङ्ग टयांक वा सेफ्टीक टयाङ्क वनाउनु पर्नेछ । शौचालयको पानीलाई सतह ढलमा पठाउन पाइने छैन । यदि कोहि कसैले अटेरी गरेको खण्डमा यस कार्यविधिको दण्डजरिवाना सम्वन्धी व्यवस्था भए अनुसार कार्वाही हुने छ ।

२ शौचालयको लेदो फाल्ने व्यक्ति फर्मको सम्पर्क नम्वर प्रत्येक टोल संस्थालाई वडा कार्यालयले जानकारी गराउनेछ र टोल संस्थाले आफ्ना सदस्यहरूलाई जानकारी गराई टयांकी भरिनु पूर्व नै सम्वन्धीत सेवा प्रदायकलाई सम्पर्क गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३) वडा समितिको कार्यालयले निजी क्षेत्रको सहकार्यमा सक्सन टयाङ्कर प्रवन्ध गरी सेवा प्रवाह गर्न सक्नेछ ।

४) सक्सन टयाङ्कर सेवा दिने सबै सेवा प्रदायकहरूले व्यक्ति वा संस्था वा सार्वजनिक शौचालयबाट सङ्कलन गरेको शौचालयको लेदो कहाँ र कसरी व्यवस्थापन हुन्छ भन्ने कुराको सुनिश्चतता सहितको निवेदन, संस्था दर्ता, प्यान/भ्याट प्रमाण पत्र, लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्र सहित सेवा प्रदानका लागि नगरपालिकामा सूचिकृत हुनुपर्नेछ ।

**१५. विशेष सरसफाई सम्वन्धी व्यवस्थाः** (१) विशेष सरसफाई व्यवस्था भन्नाले सार्वजनिक स्थल, मठमन्दिर, खेलमैदान, रङ्गशाला, खोला नाला, नदी, हाट/वजार, जात्रा मेला लाग्ने स्थल, आदि सार्वजनिक स्थान पर्दछन् ।

(२) नगरको सौन्दर्यतालाइ बचाई नगरपालिकाकै प्रतिष्ठा वृद्धिका लागि नगरपालिकाको मुख्य भाग, सार्वजनिक ऐतिहासिक मठ मन्दिर एवं प्राकृतिक सौन्दर्य क्षेत्रलाइ चार किल्ला तोकी नगरपालिकाले विशेष सरसफाई क्षेत्र घोषणा गर्न सक्नेछ ।

(३) विशेष सरसफाई क्षेत्र घोषणा भएको महत्व र संवेदनशीलतालाई ध्यानमा राखी नगरपालिकाले त्यस्तो स्थानमा कुनै पनि किसिमको फोहोरमैला फाल्न, थुपार्न वा वातावरणलाई प्रतिकूल असर पार्ने कुनै काम गर्न/गराउन निषेध गर्न सक्नेछ ।

(४) कुनै टोलविकास संस्था वा वडा समिति वा सामाजिक संघ संस्थाबाट विशेष सरसफाई क्षेत्र तोक्न अनुरोध भई आएमा नगरपालिकाले विशेष सरसफाई क्षेत्र तोक्न सक्नेछ ।

(५) फोहोरमैला व्यवस्थापन र सरसफाइमा उत्कृष्टता हासिल गर्ने वडा समिति वा टोलविकास संस्था वा सामाजिक संघ संस्थालाई नगरपालिकाले पुरस्कृत र प्रोत्साहित गर्न सक्ने छ ।

## परिच्छेद — ६
## फोहोरमैला व्यवस्थापन सेवा शुल्क

**१६. सेवा शुल्क उठाउनेः** (१) यस फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८० को प्रमाणीकरण पश्चात् नगरपालिका स्वयमले सेवा दिने हुँदा वडा कार्यालयले वा सार्वजनिक निजी साझेदारिता विधिबाट जाँदा साझेदार संस्थाले फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, सस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको दर नगरपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिका वा नगर सभाको निर्णय वमोजिम हुनेछ । तत्पश्चात शुल्कको दर निर्धारण घरको वर्गीकरण, फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति, घर वा संस्थाको प्रयोजन आदि कुरा र नगर सभावाट तोकिए बमोजिमका अन्य कुराहरूका आधारमा फोहोरमैला व्यवस्थापन समितिको परामर्शमा

वडा समितिले तोकी निर्देशक समितिवाट स्वीकृत गराइ सेवा उपलब्ध गराउने निकाय वडा कार्यालय वा साझेदार संस्थाले उठाउने छ ।

(३) कार्यालयले तोके बमोजिमको शुल्क नगरपालिका वा सम्वन्धीत वडा आफैले वा टोल विकास संस्था वा अन्य संघ संस्था, फर्म वा निजी संस्थाले उठाउन सक्नेछ । तर नगरपालिका वा वडा कार्यालय बाहेक अन्य जुनसुकै प्रकारको संस्थाले शुल्क उठाउनु पूर्व नगरपालिका र उक्त सेवा दिने संस्था विचमा Public Private Partnership सार्वजनिक-निजी साझेदारितामा सम्झौता भई नगरपालिकाले सेवा उपलब्ध गराउने र शुल्क सङ्कलन गर्ने गरी अनुमति दिइसकेको हुनु पर्ने छ ।

(४) सार्वजनिक-निजी साझेदारितामा सम्झौता भएता पनि साझेदार संस्थालाई बमोजिमको शुल्क उठाउँदा पनि सेवा प्रवाहमा गुणस्तरता दिन कठीन हुने परिस्थितिमा नगरपालिकाको नगर सभाले निर्णय गरे बमोजिमको थप आर्थिक सहयोग उपलब्ध गराउन सक्ने छ । यस कार्यविधिको बमोजिम सङ्कलन गरीने रकम वृद्धि हुदै जाँदा नगरपालिकाले उपलब्ध गराउने आर्थिक दायित्वमा घटाउँदै जाने गरी सार्वजनिक-निजी साझेदारितामा सम्झौता गर्न सक्ने छ ।

(५) अन्यत्र जुनसकै कुरा लेखिएको भए तापनि वडा समितिवाट तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिन सकिनेछ भने वडावासीको आय स्तरका आधारमा उल्लेखित सरसफाई सेवा शुल्कमा छुट दिनु पर्ने वडा कार्यालयले आवश्यक ठानेमा निर्देशक समितिको सहमतिमा वडा कार्यालयले छुट दिन सक्नेछ वा साझेदार संस्थाले सेवा दिने हुँदा सेवा शुल्क छुटका लागि वडा कार्यालयले सिफारिस दिन सक्ने छ ।

(६) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी वडा समितिले छुट्टै हिसाव राखी नगरपालिकाको सर्वसञ्चित कोषमा जम्मा गर्नु पर्नेछ । सो रकम तोकिएको मापदण्डको अधीनमा रही वडाको फोहोरमैलाको व्यवस्थापन, वातावरणीय सरंक्षण तथा फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा नगरपालिकावाट कार्यक्रम स्वीकृत गराई वडा समितिको कार्यालयले खर्च गर्नेछ । पुनश्चः सार्वजनिक-निजी साझेदारिता सम्झौता भएको हकमा भने दुई पक्षीय सम्झौता अनुसार हुने छ ।

**१७. सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः** (१) फोहोरमैला व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले यस कार्यविधिको बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धि र नगरपालिका वा सम्वन्धीत वडाबाट उपलब्ध हुने अन्य सेवा समेत निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा १७ (१) मा जनसुकै कुरा लखिएको भए तापनि फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा (१५) बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा वडा कार्यालयको निर्देशनमा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरीएमा सोको जानकारी नगरपालिका वा वडा समितिलाई दिनु पर्नेछ ।

(३) उपदफा १७ (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरीएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फाहरमैला सम्बन्धित घरधनी आफैले वातावरणीय सुरक्षाको दृष्टिकोणले सुरक्षित तरिकाले व्यवस्थापन गर्नु पर्नेछ ।सार्वजनिक स्थलमा फ्याकिएको वा जलाइएको पाइएमा वडा कार्यालयले यस कार्यविधिमा उल्लेख भएको सजाय गर्न सक्ने छ ।

(४) सेवाग्राहीले कार्यालयले तोके बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निज वा निजको एकाघरको परिवारका नाममा रहेको सम्पत्तीकर वा व्यवसाय कर खातामा प्रविष्ट गरी सेवा शुल्क असुल गरीनेछ ।

(५) सेवाग्राहीले कार्यालयले तोके बमोजिमको बुझाउनु पर्ने सेवा शुल्क (सेवा छोडेको अवधिको समेत) बुझाएमा निजलाई पुनः सेवा प्रदान गरीनेछ ।

(६) कुनै पेशा व्यवसाय नगरी घर भाडामा लिइ वस्ने व्यक्तिले सेवा शुल्क वुझाउन अटेर गरेको हकमा सम्वन्धीत घर धनिवाट असूलीको प्रक्रिया अगाडी बढाइने छ ।

## परिच्छेद — ७
## कसूर, सजाय तथा कार्वाही प्रकृया

**१८. कसूर तथा सजायको व्यवस्था** (१) कसैले देहायको कुनै काम गर्ने/गराएमा फोहोरमैला व्यवस्थापन ऐन २०६८ र यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछ र सोहि अनुसारको सजायको व्यवस्था गरीने छ :—

| क्र.सं. | कसूर | सजायको व्यवस्था |
|---|---|---|
| (क) | फोहोरमैला व्यवस्थापन समितिले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने । | पहिलो पटकमा रु.५००।—देखि रु.५०००।-सम्म र दोहोऱ्याउँदै गएमा प्रत्येक पटकमा दोब्बर रकम तिराउने र उक्त फोहोर उठाउँदा लाग्ने खर्च रकम पनि अशुल उपर गरीने छ । |
| (ख) | कण्टेनर वा फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने | रु.५००।—देखि रु.५०००।— सम्मको जरिवाना गर्न सकिने छ । |
| (ग) | फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने । | रु.१५०००।—देखि रु.५००००।— सम्मको जरिवाना र क्षति भएको वस्तु वा संरचना मर्मत गर्दा लाग्ने रकम अशुल उपर गरीने छ । |
| (घ) | फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ऐन र इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८० बमोजिम अनुमति नलिई फोहोरमला व्यवस्थापनको कार्य गर्ने । | रु.१५०००।—देखि रु.५००००।- सम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ भने शर्त उल्लङ्घन गरी वडा कार्यालयलाई पूर्व जानकारी नदिई समयमा फोहोर संङ्कलन नगरेको फोहोरमैला व्यवस्थापन समितिले ठहर गरेमा अतिरिक्त फोहोर व्यवस्थापन खर्च समेत असूल गरीने छ । |
| (ङ) | फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरीएको अनुमतिपत्रमा उल्लिखित शर्तहरू उल्लङ्घन गर्ने । | |
| (च) | फोहोरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको | रु.५०००।—देखि रु.१५०००।—सम्मको जरिवाना र क्षतिपूर्ति वापतको रकम असुल |

| | | |
|---|---|---|
| | हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने । | उपर गरीने छ । |
| (छ) | घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने तथा घर एवम् संरचना निर्माण एवम् मर्मत संभार गर्दाको सामाग्री अनुमति वेगर सडक एवम् फुटपाथमा राख्ने । | प्रथम पटक रु.५०००।—देखि रु.१५०००।- सम्म जरिबाना गर्न सक्नेछ सोही कसुर दोहोराएमा दोव्वर जरिवाना गरीनेछ । |
| (ज) | फोहोरबाट निस्केको दुषित पानी (लिचेट), वा शौचालयको लेदोलाई सतह ढल वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने, अनुमति वेगर वर्कशप संचालन गर्ने तथा वर्कशपको फोहोरपानी जथाभावी नालामा मिसाउने । | |
| (झ) | सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोरमैला सङ्कलन गर्न नगरपालिका वा वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने । | रु.५००।—देखि रु.३०००।— सम्मको जरिवाना गर्न सकिने छ । |
| (ञ) | नगरपालिकाले तोकेको ठाउमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सावजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने । | रु.३००००।— देखि रु.५००००।— सम्म जरिवाना गरीने छ । |
| (ट) | रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने । | रु.५००००।—देखि रु.१०००००।— सम्मको जरिवाना र कसूर दोहोऱ्याएको खण्डमा दोव्वर जरिवाना गर्ने र अनुमति खारेजीका लागि सिफारिस गरी पठाउन सक्ने छ । |
| (ठ) | औद्यागिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोरमैला जथाभावी फाल्ने, जलाउने,राख्ने वा निष्काशन गर्ने । | |
| (ड) | फाहरमैला सङ्कलन, ढुवानी तथा फाहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने । | रु.५०००।— देखि रु.२५०००।— सम्म जरिवाना गरीने छ । |
| (ढ) | फोहोरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने । | |

| | | |
|---|---|---|
| (ण) | फोहोरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने | रु.५०००।—देखि रु.१००००।— सम्मको जरिवाना वा तीन महिना सम्मको कैद सजाय वा दुवै गर्न सकिने छ । |
| (त) | फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा (४४) विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने, | रु.२०००।—देखि रु.२५०००।— सम्मको जरिवाना र कसूर दोहोर्‍याएको खण्डमा दोव्वर जरिवाना गर्दै जान सकिने छ । |
| (थ) | स्रोतमै फाहरमैलाको पृथकीकरण नगरी फाहरमैला मिसाएर निष्काशन गर्ने, | रु.१००।— जरिवाना र कसूर दोहोर्‍याएमा दोब्बर जरिवाना गर्दै जान सकिने छ । |
| (द) | मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने कार्य गरेमा, | प्रथम पटक रु.१०००।—देखि रु.१००००।- सम्म जरिबाना गर्न सक्नेछ सोही कसुर दोहोराएमा दोव्वर जरिवाना गरीनेछ । |
| (ध) | पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहोर फाल्ने गरेमा, | रु.१००।— जरिवाना र कसूर दोहोर्‍याएमा दोब्बर जरिवाना गर्दै जान सकिने छ । |
| (न) | चुरोट तथा सुर्तिजन्य (पान गुटका आदि) जस्ता बस्तुको फोहोर जथाभावी फालेमा, | रु.१००।— जरिवाना र कसूर दोहोर्‍याएमा दोब्बर जरिवाना गर्दै जान सकिने छ । |
| (प) | घरपालुवा पशु पन्छिलाई छाडा छाड्ने तथा अनुमति वेगर व्यवसायिक रूपमा पशु पन्छि पालन गर्ने तथा सडकमा बाध्ने कार्य गर्ने । | वडाले छाडा छाडिएका पशु पन्छि प्रति ज्यान रु.५००।- सम्म र फर्मको हकमा प्रथम पटकका लागि रु.२५००।- सम्म जरिवाना गरी ३५ दिन भित्र हटाउने आदेश दिनेछ र सो म्याद भित्र न हटाएमा ३ महिनासम्म मासिक रु.५०००।-का दरले जरिवाना तत्पश्चात पनि न हटाएमा नगरपालिकाले फर्म वन्दे गराई पशुपन्छि जफत गर्ने छ । सडकमा बांधिएका पशु चौपायाको हकमा प्रथम पटकका लागि प्रति ज्यान रु. १००।- दोश्रो पटक उक्त कार्य गरेमारु.५००।- तत्पश्चात समेत अटेर गरेमा पटकै पिच्छे दोब्बर जरिवाना वडा कार्यालय वा नगरपालिकावाट खटाइएको निरीक्षण टोलीले गर्ने छ । |

## परिच्छेद -८
## सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था

**१९. सार्वजनिक नीजी साझेदारी गर्न सक्नेः** (१) फोहोरमैला व्यवस्थान ऐन, २०६८ को परिच्छेद ४ बमोजिम नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा सरसफाइका लागि नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्न/गराउन सक्नेछ ।

(क) यसरी सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्दा गराउँदा प्रचलित ऐन, नियमावली लगायत अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(ख) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा/गराउँदा लाभ, लागत र जोखिम दुबै पक्षमा रहने गरी कार्य गरीनेछ ।

(ग) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा/गराउँदा फोहोरमैला व्यवस्थापनको क्षेत्रमा अनुभव एवम् क्षमता भएका संघसंस्थाहरूलाई पहिलो प्राथमिकता दिइने छ ।

(घ) स्थानीय क्लब, सामुदायिक संस्था, टोलविकास संस्था, गैर सरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरू वा अन्य स्थानीय तथा वाह्य संघ संस्थाहरूलाई निजी क्षेत्रका रूपमा लिन सकिनेछ ।

(ङ) विभिन्न स्थानमा फरक फरक निजी क्षेत्र परिचालन भएको अवस्थामा सबैको कार्य प्रति एक रूपता ल्याउनका लागि सबै साझेदारहरूको संलग्नतामा नगरपालिका स्तरीय संयन्त्र तयार गरी सोही संयन्त्र मार्फत सार्वजनिक निजी साझेदारीका क्रियाकलापहरूलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था नगरपालिकाले मिलाउन सक्नेछ ।

(च) फोहोरमैला व्यवस्थापन गर्नका लागि नगरपालिकाले तोके बमोजिम निजी साझेदार संस्थाले फोहोरमैला उत्पादकसँग सरसफाई सेवा शुल्क लिनेछ । यस कार्यविधिको हकमा लिन सकिने छ ।

(छ) सहज र सरल रूपमा फोहोरमैलाको व्यवस्थापन गर्ने प्रयोजनका लागि नगरपालिकाले नगरवासीलाई पारिवारिक परिचय पत्र उपलब्ध गराउन सक्नेछ । यसरी परिचय पत्र उपलब्ध गराउँदा नगरपालिकाले उक्त परिचय पत्रको बहु उपयोग हुने गरी तयार गर्नेछ र यसको प्रयोग नगरपालिकाको सम्पूर्ण सेवा सुविधा सँग जोडन सकिने छ ।

(ज) सेवा शुल्क उठाउँदा नेपाल सरकारको नियमानुसारको कर सहित उठाइने छ । यस सम्वन्धी व्यवस्था राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(झ) सार्वजनिक निजी साझेदारी अनुसार व्यक्ति तथा संघसंस्था वा निकायहरूबाट सेवा शुल्क उठाउँदा पनि साझेदार संस्थालाई सेवामा गुणस्तरता दिन कठिनाइ भएको खण्डमा नगरपालिकाले साझेदार संस्थालाई नगर कार्यपालिकाले तोके बमोजिमको थप रकम उपलब्ध गराउने छ । यस उपलब्ध गराइने रकममा सेवाग्राहीबाट सङ्कलन हुने रकमको मात्रा वृद्धि हुदै गएको अवस्थामा नगरपालिकाबाट उपलब्ध गराउने रकम घटाउँदै गइने छ । यसका लागि साझेदार संस्थाले मासिक सङ्कलन गर्ने रकम र खर्चको विवरण नियमित रेकर्डमा राखिने छ ।

(ञ) सार्वजनिक निजी साझेदार सम्झौता अनुसार कार्य गर्दा/गराउँदा सर्वसाधारण घरपरिवार

तथा संघसंस्थाहरूले फोहोरमैला व्यवस्थापन कार्यको सदस्य बनि सेवा लिने र शुल्क तिर्ने कुरामा अटेरी गर्न सक्ने भएको हुँदा यसका लागि वडा कार्यालयले सहजीकरण गर्न सक्ने छ ।

## परिच्छेद — ९

## स्वास्थ्य संस्थाजन्य तथा हानीकारक फोहोर व्यवस्थापन

**२०. स्वास्थ्य संस्थाजन्य फोहोरमैलाको व्यवस्थापन** : (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहोरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिँदा स्वास्थ्य संस्थाले फोहोरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

(३) माथि जुन सुकै कुरा लेखिएको भएता पनि कुनै पनि स्वास्थ्य संस्था वा व्यक्तिले अन्य साधारण कुहिने र नकुहिने फोहोरको साथ स्वास्थ्य संस्थाजन्य फोहोर मिसाई निस्काशन गर्न पाउने छैन । यदि त्यसो गरीएको अवस्थामा यस कार्यविधिको उपदफा १९ (ट) अनुसार सजाय हुनेछ ।

**२१. रासायनिक विषादी सम्बन्धी व्यवस्था** : (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

(३) माथि जुन सुकै कुरा लेखिएको भएता पनि कुनै पनि संस्था वा व्यक्तिले अन्य साधारण कुहिने र नकुहिने फोहोरको साथ रसायनिक विषादी सम्वन्धी फोहोर मिसाइ निस्काशन गर्न पाउने छैन । यदि त्यसो गरीएको अवस्थामा यस कार्यविधिको उपदफा १८ (ट) अनुसार सजाय हुनेछ ।

## परिच्छेद —१०

## विविध

**२२. पुरस्कार दिन सकिने**ः (१) फोहोरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरूको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्था वा फर्मलाई वडा स्तरीय सरसफाइ समितिको सिफारिसमा नगरपालिका वा वडाले सरसफाइ व्यवस्थापन विशेष अनुदान वा सम्मान स्वरूप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

**२३. अनुगमन तथा मूल्यांकनः** (१) नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा सरसफाइ कार्यविधि बमोजिम गरीएका कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन गर्नका लागि देहाय बमोजिम गरीनेछ ।

(क) नगरपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्दा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी दफा ३ (१) बमोजिम गठीत निर्देशक समितिसँग समन्वय गरी फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(ख) फोहोरमैला व्यवस्थापन सम्वन्धी कार्यक्रम सञ्चालन भइ कार्यान्वयन भएको अवस्थामा प्राविधिक मूल्याङ्कनका आधारमा वा कार्य प्रगतिको आधारमा पेश्की दिन सकिनेछ ।

(ग) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदनका आधारमा दिइनेछ ।

(घ) अनुगमन तथा मूल्याङ्कनका आधारमा कार्यक्रमहरूको जांचपास तथा फरफारक गरीनेछ ।
(ङ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खर्चको व्यवस्था नगरपालिकाको कार्यालय वा साझेदार संस्थाले मिलाउनु पर्नेछ ।
(च) उपभोक्ता समिति मार्फत् भएको संरचना निर्माण र पुनर्संरचना सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाइ लगायत विवरण संकलन काममा संलग्न व्यक्तिहरूको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ ।

**२४. प्रतिवेदन**

समितिबाट भए/गरेका कार्यहरूको प्रगति प्रतिवेदन नगरपालिका कार्यालय मार्फत् नियमित रूपमा सम्बन्धित निकायहरूमा पठाई राख्नु पर्नेछ ।

**२५. संशोधन तथा बचाउ**

(क) यस कार्यविधिमा उल्लेखित कुराहरूमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाले गर्न सक्नेछ ।
(ख) यस कार्यविधिमा उल्लेख गरीएका कुराहरूका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरूका हकमा प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
(ग) कार्यविधिमा लेखिएका कुराहरू नेपालको संविधान, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली, २०७०, स्थानीय सरकार संचालन ऐन, २०७४ र तत् सम्बन्धी नियमावली तथा प्रचलित अन्य कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले**
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत